राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ६ अंक ३१९ २०८२ असार ३१ गते मंगलवार (15 July 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## भ्रष्टाचारविरुद्ध सदन र सडकमा राप्रपा



दैनिक समाचारदाता

काठमाडौं ३० असार । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले भ्रष्टाचार र कुशासनविरुद्ध आफ्नो पार्टीले सदन र सडकबाट प्रतिवाद गर्ने बताएका छन् । प्रतिनिधिसभाको आजको बैठकका प्रारम्भमा उनले मुलुकमा भ्रष्टाचार र कुशासनका विषय छरपस्ट भइरहँदा प्रधानमन्त्री नेतृत्वको सुशासन आयोगले के काम गरिरहेको छ ? भनी प्रश्न गरे ।

'मन्त्रीहरू एकपछि अर्को लेनदेन काण्डमा मुछिएको विषय बाहिर आइरहेको छ, नैतिकता छ र सुशासनप्रतिको प्रतिबद्धता छ भने त मन्त्रीले राजीनामा दिनुपर्ने होइन र ?', अध्यक्ष लिङ्देनले प्रश्न गरे, 'हामी सदन र सडकबाट यसको सशक्त प्रतिवाद गर्छौं ।' अध्यक्ष लिङ्देनले भिजिट भिसा प्रकरणको निश्पक्ष छानबिन गर्न उच्चस्तरीय समिति गठन गर्न माग गर्दै प्रतिपक्षी दुई दलले संसदमा विरोध गरिरहँदा जबरजस्ती बैठक चलाउने अभ्यास ठिक नभएको बताए ।

'जनताको आवाजलाई सम्बोधन गर्न सभामुखले पनि पहलकदमी लिनुपर्छ', उनले भने, 'प्रतिपक्षी दलले उठाएका विषयलाई सम्बोधन गर्ने प्रयास गर्नुपर्छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद अशोकुमार चौधरीले गृहमन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीमाथि उठेका प्रश्नको निश्पक्ष छानबिन गरी जवाफ दिनुपर्ने बताए । आ-आफ्ना पार्टीका तर्फबाट धारणा राखेर रास्वपा र राप्रपाका सांसदहरु बैठकबाट बाहिरिएका थिए ।

## जनकपुरधाम उपमहानगरको बजेट ३ अर्ब १ करोड

### प्राथमिकतामा शिक्षा, स्वास्थ्य र हरित विकास

जनकपुरधाम उपमहानगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि कुल ३ अर्ब १ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ। बजेटमा चालु खर्चतर्फ १ अर्ब ६० करोड, पुँजीगत खर्चतर्फ १ अर्ब ४० करोड र सामाजिक सुरक्षा भत्तातर्फ ५० करोड रुपैयाँ विनियोजन गरिएको छ। उपप्रमुख किशोरी साहका अनुसार, बजेटले शिक्षा, स्वास्थ्य, रोजगारी, गरिबी न्युनीकरण, ग्रामीण विद्युतिकरण र हरित शहर निर्माणलाई प्राथमिकता दिएको छ। अघिल्लो वर्ष उपमहानगरले ७१ प्रतिशत आर्थिक प्रगति गरेको जानकारी दिइएको छ। बजेटमार्फत समावेशी विकास र नागरिक जीवनस्तर सुधार गर्ने लक्ष्य राखिएको छ।

दैनिक समाचारदाता

जनकपुरधाम, ३० असार । जनकपुरधाम उपमहानगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि कुल ३ अर्ब १ करोड ९ लाख ४ सय ६३ रुपैयाँको बजेट सार्वजनिक गरेको छ । सोमबार सम्पन्न १३औं नगरसभाबाट प्रस्तुत उक्त बजेट उपमहानगरको आगामी वर्षको समग्र विकास र सामाजिक कल्याण केन्द्रित रहेको छ ।

बजेट विवरण अनुसार, चालु खर्चतर्फ १ अर्ब ६० करोड ११ लाख ३८ हजार ४ सय ६३ रुपैयाँ, पुँजीगततर्फ १ अर्ब ४० करोड ८८ लाख ७१ हजार रुपैयाँ र सामाजिक सुरक्षा भत्ता शीर्षकमा ५० करोड रुपैयाँ विनियोजन गरिएको छ ।

उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहका अनुसार, यो बजेट शिक्षा, स्वास्थ्य, रोजगारी



सिर्जना, गरिबी न्युनीकरण, ग्रामीण विद्युतिकरण, हरित शहर र पूर्वाधार विकासलाई केन्द्रमा राखेर तयार पारिएको हो । उनले भने, "नागरिकको जीवनस्तर उकास्ने, जनसरोकारका विषयमा तत्काल सम्बोधन गर्ने र वातावरणमैत्री विकासको खाका कोर्ने प्रयास यो बजेटमार्फत गरिएको छ ।"

गत आर्थिक वर्ष २०८१/०८२ मा उपमहानगरले चालुतर्फ ८० प्रतिशत, पुँजीगततर्फ ८५ प्रतिशत र समग्र रूपमा ७१ प्रतिशत वित्तीय प्रगति हासिल गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । यो प्रगतिलाई अझ प्रभावकारी बनाउँदै आगामी वर्षका लागि योजनाहरू अघि बढाउने योजना उपमहानगरले लिएको छ ।

नगरपालिकाले शिक्षा क्षेत्रमा गुणस्तरीय सुधार ल्याउने उद्देश्यसहित प्राविधिक र व्यावसायिक शिक्षा प्रवर्द्धन, स्वास्थ्य क्षेत्रमा प्राथमिक उपचार सेवा सुदृढीकरण, रोजगार प्रवर्द्धनका लागि स्वरोजगार तथा उद्यमशिलता कार्यक्रम र वातावरण संरक्षणका लागि हरित पूर्वाधार निर्माणमा बजेट खर्च गरिने बताइएको छ ।नगरसभामा विभिन्न वडाबाट आएका सदस्यहरूले बजेटलाई समावेशी र आवश्यकताअनुसारको भएको प्रतिक्रिया दिएका छन् । अब बजेट कार्यान्वयनमा गति र पारदर्शिता कायम गरिनुपर्ने आवश्यकता पनि सभामा उठाइएको छ ।

जनकपुरधाम उपमहानगरले विगतमा देखिएको बजेट कार्यान्वयनको सुस्तताबाट सिक्दै, आगामी आर्थिक वर्षमा प्रभावकारी सेवा प्रवाह गर्ने प्रतिवद्धता समेत जनाएको छ।

## प्रतिपक्षको बहिष्कारबीच मधेश प्रदेशको बजेट सर्वसम्मतबाट पारित



दैनिक समाचार

जनकपुरधाम ३० असार । मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्ताव गरिएको ४६ अर्ब ९८ करोड ३३ लाख रुपैयाँ बराबरको बजेट सोमबार सर्वसम्मत रूपमा पारित गरिएको छ।


प्रदेशसभा बैठकमा प्रतिपक्षी दलहरूले बहिष्कार गरेपछि मात्रै सञ्चालनमा आएको बैठकमा अर्थमन्त्री सुनिलकुमार यादवले प्रस्तुत गरेको विनियोजन विधेयक प्रतिपक्षीको अनुपस्थितिमा सर्वसम्मत पारित भएको हो।

अर्थमन्त्री यादवले सदनमा विनियोजन विधेयक पारित गरियोस् भन्ने प्रस्ताव राखेपछि असहमतिको आवाज नआएको भन्दै सभामुख रामचन्द्र मण्डलले विनियोजन विधेयक पारित भएको घोषणा गरेका थिए।

प्रदेशसभामा रहेका १० मध्ये जनमत पार्टीको नेतृत्वमा नेकपा एमाले, नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी सरकारमा छन् भने बाँकी ६ दल – जनता समाजवादी पार्टी, माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), राप्रपा, नागरिक उन्मुक्ति पार्टी र संघीय समाजवादी पार्टी प्रतिपक्षमा रहेका छन्।

अर्थमन्त्रीले असार १ गते बजेट प्रस्तुत गरेयता विभिन्न कारणले बारम्बार बैठक अवरुद्ध हुँदै आएको थियो। सोमबार प्रतिपक्षीहरूको बहिष्कारकाबीच मन्त्रालयगत छलफल सकिएपछि संबद्ध मन्त्रीहरूले जवाफ दिएको बैठकमा बजेट विधेयक पारित गरिएको हो।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



## सम्पादकीय

# जनकपुरधाममा गम्भीर पानी संकट

जनकपुरधाम उपमहानगरपालिका-जहाँ झण्डै दुई लाख जनसंख्या बसोबास गर्छ। अहिले खानेपानीको गम्भीर संकटमा परेको छ। अत्यधिक गर्मी र भूमिगत जलस्रोतको तीव्र ह्रासका कारण करीब १५ हजार चापाकलमध्ये अधिकांश सुक्न थालेका छन्। स्थानीय बासिन्दा दैनिक उपभोगका लागि आवश्यक पानीसमेत जोहो गर्न नसक्ने अवस्थामा पुगेका छन्। यो अवस्था एकातिर जलवायु परिवर्तनको चुनौती देखाउँछ भने अर्कातिर सरकारी उदासीनता र पूर्वाधार विस्तारमा भएको ढिलाइको प्रतिफल पनि हो।

खानेपानी संस्थान जनकपुरधामका अनुसार हालसम्म २५ वटा वडामध्ये केवल १२ वटामा मात्र पाइपलाइन जडान गरिएको छ। बाँकी वडाहरूमा विस्तारका प्रयास भइरहे तापनि जनसंख्या वृद्धिसँग अनुपातिक सेवा विस्तार हुन सकेको छैन। संस्थानसँग रहेको दुईवटा मात्र पानी टंकीबाट दैनिक झण्डै ५५ लाख लिटर खपत हुने पानीको आपूर्ति सम्भव छैन। अर्को समस्या सडक विस्तारका क्रममा पाइपलाइनमा बारम्बार क्षति पुग्नु हो, जसले पानी आपूर्तिमा अझ अवरोध सिर्जना गरिरहेको छ।

खानेपानीको यो संकट सामान्य समस्याभन्दा बाहिर गइसकेको छ। विद्यालय, अस्पताल, पसलदेखि घर(घरको दैनिकीमा प्रत्यक्ष असर परेको छ। अझ तापक्रम निरन्तर बढ्दै गएमा डिहाइड्रेसन, सरुवा रोग, तथा अन्य जनस्वास्थ्यसम्बन्धी चुनौतीहरू थप चर्किने जोखिम छ। मानिसहरू बोतलको पानी किनेर खान बाध्य हुनु, त्यो पनि दैनिकरूपमा, मध्यमवर्गीय र विपन्न समुदायका लागि थप आर्थिक बोझ बनिरहेको छ।

यस संकटले हामीलाई केही मूलभूत प्रश्नहरूसँग जुध्न बाध्य बनाउँछः

- स्थानीय तथा प्रदेश सरकारले खानेपानीजस्तो आधारभूत सुविधामा किन प्राथमिकता दिएनन ?
- चापाकलमै भर पर्ने पूर्वाधारित संरचना आजसम्म किन सुधारिएन ?
- वातावरणीय परिवर्तनसँग जुझ्न स्थानीय सरकारहरूको तयारी किन कमजोर देखिन्छ ?

यी प्रश्नहरूको जवाफ अब अल्झाएर बस्न मिल्दैन। जनकपुरधाममा देखिएको खानेपानीको समस्या आकस्मिक मात्र होइन, चेतावनी पनि हो। विशेषगरी ती शहरहरूका लागि जो तीव्र शहरीकरणको फड्कोमा छन् तर आधारभूत पूर्वाधार विस्तारमा पछि परेका छन्।

अब आवश्यक छ ( तत्काल राहत र दीर्घकालीन योजनाको। तत्कालका लागि, मोबाइल ट्यांकरमार्फत आपूर्ति व्यवस्था, विद्यालय तथा अस्पतालजस्ता संवेदनशील स्थानमा प्राथमिक आपूर्तिको सुनिश्चितता, र सुक्दै गएका चापाकलहरूको विकल्प खोजिनुपर्छ। दीर्घकालीन रूपमा, भूजल पुनर्भरणका प्रविधि, वर्षा जल संकलनको नीति, पाइपलाइन विस्तारको तीव्रता, र आधुनिक जल प्रशोधन संयन्त्रहरू स्थापना गर्नुपर्ने खाँचो छ।

यसका साथै, संघ, प्रदेश र स्थानीय तहबीच समन्वयात्मक कामको उदाहरण प्रस्तुत गर्दै जनकपुरधामलाई पानी संकटमुक्त शहर बनाउने दीर्घदृष्टियुक्त योजना आवश्यक छ। खानेपानी कुनै विलासिता होइन, नागरिकको मौलिक हक हो। यसलाई सुनिश्चित गर्नु राज्यको प्रतिवद्धता हुनु जरुरी छ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।
वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।
मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।
कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।
सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।
कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।
तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।
वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।
धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।
मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।
कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।
मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# आधुनिक रोग निदानका आधार : परम्परागत खाद्यबाली



टिकाराम सुनार

आजकल चिकित्सकहरूले एकै स्वरमा भन्न थालेका छन्, "आधुनिकताका नाममा बिर्सिंदै गएका हाम्रा परम्परागत अन्न र रैथाने खाद्यबाली नै आजकालका डरलाग्दा रोग निदानका आधार हुन सक्छन्।" हुन त सचेत नागरिकले पनि मधुमेह, उच्च रक्तचाप, मोटोपन, क्यान्सर, थाइराइड, हृदयाघातलगायत 'साइलेन्ट किलर' भनिएका रोगका कारण आधुनिक जीवनशैली हो भन्ने कुरा बुझ्दै गएका छन्।

काठमाडौँको जडीबुटी नरेफाँट बस्ने वसन्तले पनि यो कुरा बुझ्न थालेको तीन वर्ष भयो। उच्च रक्तचाप, मधुमेह र कोलेस्टेरोलसँग एकैपटक सङ्घर्ष गर्नु परेपछि उहाँले यो कुरा बुझ्न थाल्नुभएको हो। उमेरले ३३ वर्ष पुगेका वसन्तले विगतमा खानपान र जीवनशैलीलाई गरेको बेवास्ताको परिणाम हिजोआज भोगिरहनुभएको छ। "औषधि खान थालेकै तीन वर्ष भयो, हाल न खान मन लागेको खान पाइन्छ, न मन लागेको काम निश्चिन्त भएर गर्न पाइन्छ। कामभन्दा औषधि छुट्ने पिरलो", उहाँ भन्नुहुन्छ, "यस्तो अवस्थामा स्वास्थ्यबारे सोच्नु कि करियर ! समयमै ध्यान दिएको भए त यस्तो हुन्थेन होला।"

ललितपुर टिकाथलीकी ३० वर्षीया श्रीमायाको अवस्था पनि त्यस्तै छ। उमेरले उहाँ ३० वर्षकी हुनुभयो तर तौल भने ८० किलोग्राम। बिहे गरेको छ वर्ष हुन लाग्यो, बच्चा भएको छैन। चिकित्सककहाँ जाँदा थाहा भयो, थाइराइड छ, कलेजो बोसोले टम्म। अब २५-३० केजी तौल नघटाए थप शारीरिक समस्या थप भोग्नुपर्ने छ। अचेल उहाँ अरू प्राथमिकता छोडेर नियमित व्यायामखाना धाउनुहुन्छ। "समस्याको जड त मोटोपन रहेछ, बल्ल १० केजी घट्यो। खै ! ५५ केजी कहिले पुऱ्याउने होला !", श्रीमायाले भन्नुभयो।

टीकाथलीकी प्रमिलाको तीनपटक गर्भपतनको पीडा सहनुपऱ्यो। चिकित्सकको उच्च निगरानीमा रहेर बल्लतल्ल बच्चा त जन्मियो, तर फुर्तिलो भएन। "थाइराइडको समस्याले गर्भ खेर जाने भइरह्यो, उच्च सतर्कता अपनाएर बच्चा जन्मिए पनि स्वास्थ्य समस्या देखिएको छ। खै ! ध्यान त दिएकै हो, समस्या भइहाले छ", उहाँले दुखेसो पोख्नुभयो।

यी त उदाहरण मात्रै हुन्, अचेल हरेक घरघर र व्यक्तिव्यक्ति यस्तै कुनै न कुनै समस्याबाट ग्रस्त छन्। मधुमेह, मुटुरोग, उच्च रक्तचाप, मोटोपन, कोलेस्टेरोल, क्यान्सर, मानसिक स्वास्थ्य समस्या, श्वासप्रश्वास रोग, अल्सर, पाचन प्रणाली गडबडीलगायत जीवनशैलीजन्य विविध रोगले डरलाग्दो रूप लिइरहेका छन्। चिकित्सकहरूले नसर्ने रोगको अवस्थालाई 'सुषुप्त महामारी' र 'साइलेन्ट किलर' (बिस्तारै बिस्तारै मार्ने) भन्ने गरेका छन्।

नसर्ने रोगहरूसम्बन्धी सञ्जाल नेपाल एनसिडी एलायन्स (एनएनसिडिए) का अनुसार नेपाल अब सङ्क्रामकभन्दा नसर्ने रोगका कारण थला पर्दैछ। हरेक वर्ष हुने मृत्युमध्ये ६० प्रतिशत मृत्युको कारण नसर्ने रोगहरू नै छन्। यो विश्वभरिकै समस्या हो। विश्वमा दुई तिहाइ मृत्युको कारण नसर्ने रोग हुन् भने यीमध्ये पनि मुटु रोग, क्यान्सर, मधुमेह र श्वासप्रश्वाससम्बन्धी रोगहरूको हिस्सा ८२ प्रतिशत छ।

हिजोआज अव्यवस्थित जीवनशैली, असन्तुलित खानपान, स्वास्थ्यका लागि हानिकारक मानिएका पत्रु खाना उपभोग, निस्क्रिय जीवनशैलीजस्ता कारण अनेक रोगका लागि ढोका खोलिदिएका छन्। यो समस्या सहरमा मात्रै नभई ग्रामीण क्षेत्रमा समेत विस्तार भइरहेकामा चिन्ता व्यक्त गर्नुहुन्छ एनएनसिडिएका अध्यक्ष एवं वरिष्ठ मुटुरोग विशेषज्ञ डा प्रकाशराज रेग्मी। हाल ग्रामीण क्षेत्रमा पनि ब्लडप्रेसर, थाइराइड, क्यान्सर, दमखोकी, मधुमेहलगायत समस्या बढिरहेको उहाँको भनाइ छ।

"हालै कर्णालीको जाजरकोटमा गरिएको एउटा अध्ययनमा तीन जना वयस्कमध्ये एक जना र १० जनामा एक जनामा मधुमेह देखियो। छ वर्षअघि बाथमुटु रोग बढी थियो, अहिले त्यो घट्यो। सहरमा हृदयघात पहिलो र थाइराइड दोस्रो समस्याका रूपमा छ", उहाँले भन्नुभयो, "प्रशोधित खानेकुरा, तयारी खाना (जङ्क फुड), चिल्लो, गुलियो, नुनिलो धेरै खाने तर परिश्रम नगर्ने अव्यवस्थित जीवनशैलीले समस्या भइरहेको छ।"

डा रेग्मी ग्रामीण क्षेत्रमा खानापछि खानु भनेको औषधि पनि बिस्कुट खाएर सेवन गर्ने, घरको चामल बेचेर बजारको प्रशोधित मसिनो चामल, मैदा उपभोग गर्नेजस्ता व्यवहारले समस्यालाई बढावा दिइरहेको धारणा राख्नुहुन्छ। "हाल सहरमा बरु केही चेतना बढेको छ, तर गाउँमा देखासिकी। मकै बेचेर चाउचाउ, घरको चामल, पीठो, गेडागुडी बेचेर बजारबाट तयारी खानेकुरा ल्याउने प्रचलन बढ्दो छ। यो चिन्ताको विषय हो", उहाँले भन्नुभयो।

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार पोषणकै कमीले हाल पाँच वर्षमुनिका बालबालिकामा २५ प्रतिशतलाई पुड्कोपना, आठ प्रतिशतमा ख्याउटेपना, १९ प्रतिशतमा कम तौल, ४३ प्रतिशत बालबालिका र ३४ प्रतिशत महिलामा रक्तअल्पता छ।

यसले व्यक्तिको जीवनमा मात्रै होइन, देशको अर्थतन्त्र, परिवार र सामाजिक संरचनामा समेत गम्भीर असर परिरहेको जनस्वास्थ्यविद् डा अरुणा उप्रेतीको भनाइ छ। हाल बाल्यावस्था र युवावस्थामै विभिन्न शारीरिक तथा मानसिक समस्या उत्पन्न हुँदा राष्ट्रको स्वास्थ्यलाई नै समस्यामा पारिरहेको उहाँ बताउनुहुन्छ। "नसर्ने र अन्य रोग निम्त्याउने कारणमा हाम्रो खाद्यबानी, जीवनशैली र आफ्नो पौष्टिक खाद्यवस्तु छाडेर आयातित जङ्क फुड/पत्रु खाना खाने र खुवाउने प्रवृत्तिले समस्या भइरहेको छ। सजिलोका लागि धेरैको रोजाइमा यस्तै वस्तु छन्, जसले एकछिन र एकदिनका लागि सजिलो भए पनि जीवनभरका लागि मधुमेह, उच्च रक्तचाप, मोटोपन निम्तिन्छ। यो विषय हरेकले बुझ्न आवश्यक छ", उहाँले भन्नुभयो।

***थपिँदै चुनौती***

विभिन्न अध्ययनले विश्वमा प्रत्येक दुई सेकन्डमा ७० वर्षमुनिका एक व्यक्तिको नसर्ने रोगकै कारण मृत्यु हुने गरेको देखाएका छन्। यसरी हुने अकाल मृत्युमध्ये ८६ प्रतिशत हिस्सा न्यून मध्यम आय भएका देशहरूको छ। आधुनिक जीवनशैली, खानपान र शारीरिक निष्क्रियताका कारण यो समस्या झन् जटिल बन्दै गएको छ। विश्व मुटु महासङ्घका अनुसार विश्वभर बर्सेनि दुई करोड पाँच लाख मानिसले मुटुको रोगबाट ज्यान गुमाउँछन्। यीमध्ये विकासोन्मुख र अविकसित राष्ट्रहरूमा बर्सेनि ज्यान गुमाउनेको सङ्ख्या ८० प्रतिशतभन्दा बढी पर्न आउँछ। विश्व स्वास्थ्य सङ्गठनले भविष्यवाणी गरेअनुसार सन् २०३० सम्ममा विश्वभर मुटु रोगबाट ज्यान गुमाउनेको सङ्ख्या बर्सेनि दुई करोड ५० लाख पुग्नेछ।

यस्तै, कोरोनरी मुटुको रोग (हृदयघात) संसारकै एक नं हत्यारा रोगका रूपमा स्थापित हुनेछ।

नेपालमा पनि यो समस्या स्वास्थ्य सङ्कटकै रुपमा देखिँदै गएको नेपाल हृदय रोग निवारण प्रतिष्ठानको तथ्याङ्क छ। प्रतिष्ठानका अनुसार हाल नेपालमा ३० प्रतिशत अर्थात् करिब एक करोड मानिस कुनै न कुनै प्रकारको मुटुरोगबाट पीडित छन्। यो सङ्ख्या २० वर्षयता पाँच गुणाले बढेको छ। नेपाल एनसिडी एलायन्सले पनि नेपालमा करिब ३० प्रतिशत वयस्क नागरिकलाई उच्च रक्तचाप, २५ प्रतिशतलाई कालेस्टेरोल, १० प्रतिशतलाई मधुमेह र एक प्रतिशत बालबालिकालाई बाथ मुटु रोग रहेको जनाएको छ। यसो हुनुमा ९० प्रतिशत नेपालीले मुटुमैत्री खाना नखानु, करिब ५० प्रतिशत सहरिया नेपालीले आवश्यक व्यायाम नगर्नु र ४० प्रतिशतले चुरोट, सुर्तीजन्य पदार्थ सेवन गर्नुलाई कारण मानिएको छ।

***हाम्रै खाद्यबाली औषधि र भान्छा औषधालय***

विभिन्न समयमा भएका अध्ययनले जीवनशैली परिवर्तनबाट मात्र पनि ९० प्रतिशतभन्दा बढी मुटुलगायत नसर्ने रोगका कारणमाथि नियन्त्रण गर्न सकिने देखाउँछन्। समग्र नसर्ने रोगको निदानका लागि स्वास्थ खानपान, प्राकृतिक जीवनशैली र नियमित परिश्रम नै अचुक उपाय भएको जानकारहरू बताउँछन्।

नेपाल सरकार, खाद्य अनुसन्धान केन्द्रका प्रमुख डा रोमन कार्की नसर्ने रोगको मूल जडका रूपमा 'इन्सुलेन्स रजिस्टेन्स' रहेको बताउनुहुन्छ। यो भनेको शरीरका कोषहरूले इन्सुलिन हर्मोनप्रति ठीकसँग प्रतिक्रिया नजनाउने अवस्था हो। जुन प्यान्क्रियासबाट निस्कन्छ र शरीरमा ग्लुकोज (चिनी) लाई कोषहरूभित्र लैजाने काम गर्छ, तर जब कोषहरूले इन्सुलिनलाई 'नचिन्ने' अवस्था बन्छ, तब रगतमा चिनीको मात्रा बढ्छ। शरीरले धेरै इन्सुलिन उत्पादन गर्न थाल्छ।

यसले गर्दा बिस्तारै टाइप २ डायबेटिज, मोटोपना, हृदय रोग, मेटाबोलिक सिन्ड्रोमजस्ता नसर्ने रोगहरू देखापर्न थाल्छन्। "यो शारीरिक असन्तुलनको मौन सुरुआत हो, तर सुरुआतमा बेवास्ता गरिन्छ, पछि दीर्घकालमा गम्भीर स्वास्थ्य समस्याको कारण बन्नसक्छ", उहाँले भन्नुभयो, "यसको पनि मूल जड इनर्जी बढी भएका, तर पोषणतत्व कम भएका अत्यधिक प्रशोधित खानाको सेवन गर्नु हो। खानेबित्तिकै तुरुन्त पच्ने र ग्लुकोजको मात्रा बढाउने खालका अत्यधिक पोलिस गरेका 'जिआइ फुड' ( चामल, मैदा, चिप्स, फ्रेन्च फ्राई, चिनी, कोक आदि) यसमा पर्छन्। यो समस्या हाल १५/१६ वर्षकै उमेरमा देखिन थालेको छ।"

यसको विकल्पमा हाम्रा रैथाने खाद्यबाली अर्थात् कम ग्लाइसेमिक इन्डेक्स (लो जिआई फुड) भएका कोदो, ब्राउन चामल, किन्नोआ, मसुरो, मस्यौरालगायत प्रशोधन नगरिएका सूक्ष्म पोषक तत्वयुक्त खानेकुरा प्रयोग गर्नु उत्तम हुने डा कार्कीको सुझाव छ।

राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जिन बैङ्क) का प्रमुख डा बालकृष्ण जोशी सहरिया भनेर चिनिने नसर्ने रोग निदानमा रैथाने औषधीय अनाज र कोदे बाली उपयोगी हुने बताउनुहुन्छ। रैथाने बाली शुद्ध, पोषिलो, स्वस्थ, गुणस्तरीय र स्वादिलो (पञ्चगुण) र खाद्य, पोषण, स्वास्थ्य, व्यवसाय र वातावरण (पञ्चकर्म) का लागि पनि उपयोग हुने उहाँको भनाइ छ। "मधुमेह, उच्च रक्तचाप, मुटुरोग, हृदयघात, मोटोपन, थाइराइड, ग्यास्ट्रिक, अपच, प्रोस्ट्रेड, उच्च कोलेस्ट्रोल, कलेजोमा बोसोजम्ने जस्ता जीवनशैलीजन्य रोगहरू तीव्र गतिमा फैलिरहेका छन्, तर यी रोगहरूको रोकथामको उपाय हाम्रै रैथाने खाद्यबाली र परम्परागत खानपानमा छ", डा जोशी भन्नुहुन्छ, "खासगरी कोदे बाली (कागुनो, जुनेलो, कोदो, सामा, धान कोदो, घोँगे र चिनो) को सेवनले अस्पतालले निको नपारेका रोगहरू पनि निको भएका अनुभव मैले सुनेको छु। यसमा रोगप्रतिरोधी विभिन्न १५ वटा गुण पाइने भएकाले पनि स्वास्थ्यका लागि अचुक उपाय हुन्। यति मात्रै होइन हाम्रा परम्परागत खानामा पाइने फाइबर, प्रोबायोटिक, एन्टिअक्सिडेन्ट र स्वस्थ फ्याट्सले पाचन, मुटु र प्रतिरक्षा प्रणालीलाई सुदृढ बनाउने गरेको विभिन्न अध्ययनले देखाएका छन्।"

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा रामकृष्ण श्रेष्ठ पेट भर्नका लागि (क्यालोरी पाइने) पर्याप्त विकल्प भए पनि सूक्ष्म पोषकतत्व पाइने खाद्यमा ध्यान नदिँदा स्वास्थ्यमा विविध समस्या देखिएको बताउनुहुन्छ। "पहिलो कुरा त हामीले विविधतायुक्त खानपान व्यवहार छोड्दै गयौँ। एकल बाली कृषि प्रणालीका कारण उत्पादन सीमिततामा गयौँ। यस्ता उत्पादनले पोषणका लागि क्यालोरी त पूरा भयो, तर सूक्ष्म पोषकतत्वको अभाव देखियो। यसले मान्छेको सर्वाङ्गीण विकास हुनसकेन", डा श्रेष्ठ भन्नुहुन्छ, "यो समस्या सहरको मात्रै होइन, खुलाबजार अर्थतन्त्रका कारण बहुराष्ट्रिय कम्पनीले उत्पादन गरेका जङ्क फुड दूरदराजमा पनि पुगे। कोदाका रोटी, मकैका ठेट्ना, रैथाने खाद्यसामग्री विस्थापित हुन थाले। मही खान छोडेर बजारका पेयपदार्थ रोज्न थाल्यौँ। हाल खान नपाएर कुपोषण हुने सङ्ख्या करिब छ प्रतिशत छ, तर धेरै खाएर, खान नजानेर र सूक्ष्म पोषकतत्वको अभावमा शारीरिक, मानसिक, सामाजिक र हरेक दृष्टिले कुपोषित हुने सङ्ख्या अत्यधिक छ।"

उहाँ पनि यसको समाधान कोदो, फापर, जौ, मकै, भटमास, सिमी, गुन्द्रुकलगायत हाम्रा रैथाने बाली र खाद्य व्यवहारमै देख्नुहुन्छ। "यसर्थ अब हरेक नागरिकले कम्तीमा आफ्नो स्वास्थ्यका लागि, सरकारले ग्रामीण अर्थतन्त्र, खाद्य सुरक्षा, दिगो, उत्थानशील र समावेशी खाद्य प्रणालीका लागि रैथाने बालीको विकास र प्रयोगमा जोड दिन आवश्यक छ", डा श्रेष्ठको भनाइ छ। रैथाने गौआधारित कृषि र पञ्चगव्यको उपयोगबारे सन्देश फैलाइरहनुभएका वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट कौशलेन्द्र झा पनि आधुनिक रोगहरूको निदानका लागि परम्परागत खाद्यबाली र बानी महत्वपूर्ण हुने धारणा राख्नुहुन्छ। उहाँ आधुनिकताको लहलहैमा आफ्नो माटो छोड्दा नेपाली सामाज नै आधुनिक रोगहरूका कारण थला पर्न थालेको जिकिर गर्नुहुन्छ। "आयातित जङ्क फुडको कुरा मात्रै होइन, हाम्रो नीति, अभ्यास र आधुनिकताको लहडले नेपाली माटो, हावापानी पनि प्रदूषित भइरहेको छ। हाम्रा मही, दही, घीउलगायत पञ्चगव्य, कोदो, फापर, मस्यौराजस्ता सुपर फुड हेलामा पर्दा रोगव्याधि बढेर हैरानी बढेको हो", झा भन्नुहुन्छ, "पहिले परम्पराग उब्जनी भएका अन्नबालीमा प्राकृतिक गुण भएकाले रोग प्रतिरोधी क्षमता थियो। अन्न होइन, स्वास्थ्यका लागि अमृतपान गरेजस्तै हुन्थ्यो। हाल पञ्चतत्व नै विशाक्त भए, जीवनशैली अप्राकृतिक भयो। शरीर मात्रै होइन, मानसिकतामै नकारात्मक पक्ष हाबी हुँदै गएको छ। जसले क्यान्सरजस्ता असाध्य रोगबाट व्यक्ति र गलत सोचका कारण समाज आक्रान्त छ।"

त्यसैले अब हाम्रै रैथाने बाली, बानी र खाद्य प्रणाली विकासमा लाग्नुपर्ने उहाँको भनाइ छ। "आधुनिक रोगहरूको समाधान खोज्दै विदेश र अस्पताल धाउनुभन्दा अब हाम्रो आफ्नै भान्सामा फर्केर हेर्ने समय आएको छ। अब परम्परागत खाद्य र जीवन पद्धति नै हाम्रो सुन्दर भविष्यको आधार बन्नसक्छ", अभियन्ता झाको निष्कर्ष छ। पत्रु खाना विरोधी अभियानमा सक्रिय डा उप्रेति पनि 'फास्ट फुड' र प्रशोधित खानेकुराको सट्टा गाउँघरका परम्परागत खाना र खाने पद्धतिको संरक्षणमा लाग्नुपर्ने आवश्यकता औंल्याउनुहुन्छ। "विभिन्न अध्ययनले नै रूप र गुण नबिगारिएका वनस्पतिजन्य पदार्थहरूबाट तयार पारिएका खानालाई उचित समय र मात्रा मिलाएर खाने र आचारविचार ठीक राखे धेरै रोगबाट बच्न सकिन्छ भन्ने कुरा प्रमाणित गरिसकेका छन्। त्यसैले रैथाने बालीको संरक्षण र उपयोगमा व्यक्ति तथा सिङ्गो राज्य नै लाग्नुपर्छ", उहाँ सुझाउनुहुन्छ।

# देश बनाउन नेताहरू नै पहिला इमान्दार हुनुपर्छ-सांसद डा शेखर कोइराला

मुलुकको सबैभन्दा ठूलो राजनीतिक दल नेपाली कांग्रेसका नेता डा शेखर कोइराला मोरङ निर्वाचन क्षेत्र नम्बर ६ बाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्नुहुन्छ। विसं २००७ भदौ ९ गते विराटनगरमा जन्मिनुभएका कोइरालाले विसं २०२७ तिर नेपाल विद्यार्थी सङ्घमा आबद्ध भई राजनीतिमा प्रवेश गर्नुभएको हो। पेसाले फिजिसियन चिकित्सक डा कोइरालाले बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा शिक्षाध्यक्ष र उपकुलपति भई काम गर्नुभयो। विसं २०६४ को संविधानसभा उपनिर्वाचनमा मोरङ क्षेत्र नं ७ बाट निर्वाचित उहाँ २०७० सालमा चुनावमा त्यहींबाटै विजयी हुनुभयो। नेपाली कांग्रेस पार्टीका कमीकमजोरीलाई लोकतान्त्रिक बहसका माध्यमबाट उजागर गर्दै आउनुभएका प्रतिनिधिसभा सदस्य डा कोइराला जनताको सहज र सरल पहुँच भएका नेताका रूपमा पनि परिचित हुनुहुन्छ। मुलुकको संसदीय अभ्यास, संविधान कार्यान्वयन र संशोधन, निजामती सेवा विधेयक, सुशासन, राजनीतिक व्यवस्था र जनताको अवस्थालगायत समसामयिक देशको परिस्थितिबारे नेता कोइरालासँग राससका समाचारदाता सुशील दर्नालले गर्नुभएको कुराकानीको सम्पादित अंश :

***माननीयज्यू, आजभोलि केमा व्यस्त हुनुहुन्छ ?***

मुख्यगरी नेपाली कांग्रेस पार्टी, संसद् र निर्वाचन क्षेत्रका गतिविधिमा नै व्यस्त छु। संसद्बाट भर्खरै सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट पारित भएको छ। अहिले पनि विभिन्न विधेयकबारे छलफल भइरहेको छ। नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठक केही दिनअघि मात्र सम्पन्न भयो। त्यहाँ भएका जीवन्त बहसमा भाग लिएर साथीभाइका विचार सुनियो। जनतासँगको नियमित भेटघाट र निर्वाचन क्षेत्रमा जनहितका कार्यमा संलग्न भइराखेको छु।

***मुलुकको वर्तमान संसदीय अभ्यास के सही मार्गमा अग्रसर छ ?***

विसं २०६४ मा उपनिर्वाचनमार्फत संसद्मा प्रवेश गरेको भए पनि पहिलेको तुलनामा यसपटक संसद्का गतिविधि र अभ्यास भिन्न पाएको छु। सदनमा कानुन निर्माण र जनताका सरोकारका विषयमा जति छलफल हुनुपर्ने थियो त्यो पाइएको छैन। यस वर्ष पनि बजेट विनियोजनबारे धेरै विवाद भयो। प्रधानमन्त्री र मन्त्रीहरूले आफू निर्वाचित क्षेत्रमा धेरै बजेट राख्नुभयो भन्ने गुनासो छ। यो मेरो आरोप होइन, जनताको गुनासो हो। वास्तवमै प्रधानमन्त्री र अर्थमन्त्रीको निर्वाचन क्षेत्रमा धेरै बजेट गएको देखिन्छ। अरू ठाउँमा न्यून छ। त्यसरी बजेट विनियोजन गरिनु हुँदैन। सबै क्षेत्रमा समान र समानुपातिक रूपमा बजेटको व्यवस्था हुनुपर्छ। सन्तुलित विकास हुनुपर्छ भन्नेमा अझै पनि नेताहरूको ध्यान नपुगेको हो कि भन्ने लाग्छ। नेपाल विद्युत् प्राधिकरणको विषयमा प्रधानमन्त्रीले पटकपटक संसद्मा जवाफ दिनुपर्यो। अहिले राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदले संसद् बहिष्कार गरिरहनुभएको छ। समस्या समाधान गर्न प्रतिपक्षीय भूमिकामा रहनुभएका उहाँहरूसँग गहन छलफल गरिनुपर्छ। सदन भनेको विपक्षीका आवाज सुन्ने ठाउँ पनि हो। यसमा दुई तिहाइ बहुमत छ भन्ने विषयको सधैँ अर्थ रहन्न।

***संविधान कार्यान्वयनको अवस्थालाई कसरी विश्लेषण गर्नुभएको छ ?***


संविधान कार्यान्वयन हुन सर्वप्रथम त संविधानमा व्यवस्थित धाराहरूको प्रयोग हुनुपर्छ। दश वर्षमा संशोधन गर्न सकिने कुरा संविधानमै लेखिएको छ। संविधान संशोधन गर्न सरकार गठनकै समयमा नेपाली कांग्रेस र नेकपा (एमाले) बीच सम्झौता पनि भएको छ। तर, एक वर्ष भयो संशोधनको विषय अघि बढेको छैन। संविधान चलायमान छ छैन भन्ने विषय संविधानका धाराहरूको कार्यान्वयन भएको छ छैन भन्नेसँग जोडिन्छ। जनप्रतिनिधिले कानुन निर्माणका काम र कार्यपालिकाले विकास र सेवाप्रवाहको काममा अपेक्षित काम गर्न सकेको जस्तो लाग्दैन। दुवै पक्ष यहाँ चुकेका छन्।

***संविधान संशोधन कुन-कुन विषयमा गरिनुपर्छ भन्ने यहाँलाई लागेको छ ?***

राष्ट्रपति विदेश जाँदा मात्रै उपराष्ट्रपतिको भूमिका हुने रहेछ। त्यसकारण उपराष्ट्रपतिसम्बन्धी प्रावधान संशोधन आवश्यक देखियो। भारत र अमेरिकालगायत विश्वका अन्य देशहरूमा राष्ट्रियसभाका अध्यक्षका रूपमा उपराष्ट्रपतिको भूमिका हुन्छ। त्यस्तै अहिलेको निर्वाचन प्रणालीबाट कुनै दल विशेषको बहुमत आउँदैन। बहुमत ल्याउने बहानामा समावेशी/समानुपातिक मास्न पनि पाइँदैन। समावेशी/समानुपातिक व्यवस्थासहित बहुमत ल्याउने निर्वाचन प्रणालीका लागि विज्ञसँग परामर्श गरी त्यसअनुरूपको व्यवस्था गरिनुपर्छ। न्यायपरिषद्मा पनि पुन:संरचना गनुपर्ने आवश्यकता देखिएको छ। दश वर्षको अवधिमा संविधानका धेरै धारा कार्यान्वयनमा आएका छैनन्। संविधानको धारा प्रयोग नै नभईकन संशोधन गर्ने भन्ने हुँदैन भन्ने मत पनि महत्वपूर्ण छ।

***सङ्घीयतालाई अझै सुदृढ र बलियो बनाउन के गर्न सकिन्छ ?***

सङ्घीयतालाई बलियो तुल्याउन प्रदेशलाई आफ्नो कानुन बनाउन दिनुपर्यो। उसलाई आवश्यक कानुन बन्न नदिएपछि कसरी सङ्घीयता सुदृढ हुन्छ ? सङ्घीय सरकारले पनि प्रदेशका लागि कानुन बनाइदिनु पर्यो। हामीले निजामती, प्रहरी र शिक्षासम्बन्धी कानुन अहिलेसम्म दिन सकेका छैनौँ। प्रदेशको अधिकारलाई सङ्घले हस्तक्षेप गर्न हुँदैन। प्रदेशलाई स्वतन्त्र छोडिदिनुपर्छ। मुलुक सङ्घीयतामा प्रवेश गर्यो भन्ने अनि अधिकार सबै केन्द्रमा राख्ने गरेपछि कसरी प्रदेश



♦संविधान कार्यान्वयन र संशोधन
- संविधान संशोधनका लागि कांग्रेस-एमालेबीच सहमति भए पनि काम अगाडि नबढेको।
- उपराष्ट्रपतिसम्बन्धी प्रावधान, निर्वाचन प्रणाली, न्याय परिषद् पुन:संरचना आवश्यक।
- संविधानका धेरै धाराहरू अझै कार्यान्वयनमा आउन सकेका छैनन्।

♦संघीयता सुदृढीकरणका उपायहरू
- प्रदेशलाई कानुन बनाउने अधिकार दिनुपर्ने।
- निजामती, प्रहरी र शिक्षासम्बन्धी कानुन संघले तत्काल दिनु पर्ने।
- अधिकार हस्तक्षेप नगरी प्रदेशलाई स्वतन्त्रता दिनु उपयुक्त।

♦संघीयता महँगो भयो भन्ने गुनासोको जवाफ
- बहुजातीय, बहुसांस्कृतिक समाजमा संघीयता अनिवार्य।
- संघ र पालिकाको अभ्यास सकारात्मक; प्रदेशलाई अधिकार नदिएकोमा गुनासो।

♦राजनीतिक दलप्रतिको असन्तुष्टि
- सेवाप्रवाह कमजोर भएकाले जनतामा असन्तोष।
- नयाँ पार्टीप्रतिको आशा पनि क्षीण।
- नेताहरूले जनताको भावना बुझ्न नसकेको।

♦'कुलिङ पिरियड' विवाद
- विधेयकको त्रुटी गम्भीर, छानबिन आवश्यक।
- उच्च तहका कर्मचारीको लबी देखिएको।
- कुलिङ पिरियड अन्तर्राष्ट्रिय अभ्यासअनुसार नेपालमा पनि आवश्यक।

बलियो हुन्छ ?

***सङ्घीयता महङ्गो भयो भन्ने गुनासो पनि छ नि ?***

सङ्घीयता महङ्गो नै हुन्छ। हाम्रो देश बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक विविधताले भरिएको छ। सङ्घीयतालाई सुदृढ गरेर जानेबाहेक अहिले अर्को विकल्प पनि छैन। विकल्पको परीक्षण भनेको जनमतसङ्ग्रह मात्र हो। अहिले सङ्घीयता महङ्गो भयो भनेर हुन्न। सङ्घ र पालिकाले राम्रै अभ्यास गरिरहेका छन्। समयमा कानुन नदिएका कारण प्रदेशले गर्न पाएको छैन। प्रदेशका साथीसँग कुरा गर्दा अधिकार दिएकै छैन भन्ने गुनासो छ। एउटा प्रदेशको आन्तरिक मामिलामन्त्रीले प्रमुख जिल्ला अधिकारीलाई बोलाएर कुरा गर्न सक्दैन। प्रमुख जिल्ला अधिकारी सिधा केन्द्रको गृहमन्त्रीसँग सम्बन्धित हुन्छ। यस्ता विषयलाई मिलाउनुपर्छ।

***राजनीतिक दलका नेतृत्वको कामकारबाहीप्रति जनताको गुनासो बढ्दै गएको देखिन्छ नि ? यहाँलाई के कारण होजस्तो लाग्छ ?***

नेपाली कांग्रेस, नेकपा (एमाले) र माओवादी केन्द्रले प्राप्त गरेको अवसरअनुरूप सेवाप्रवाहका माध्यमबाट सन्तुष्टि दिलाउन नसकेपछि आम नागरिकमा असन्तुष्टि बढेको हो। नयाँ पार्टीले पनि सुरूमा केही गर्छ कि भन्ने आशा देखाए पनि पछिल्लो समय घट्दै गएको छ। हामीले काम गर्न सकेनौँ, त्यसैले जनतामा असन्तुष्टि बढको हो। ठूला दलले ठीक ढङ्गबाट मुलुकको राजनीतिलाई अघि बढाउन नसकेका कारण त्यसको असन्तुष्ट अन्यन्त्र पोखिएको हो। जनताको असन्तुष्टि मेटाउन हामीले राम्रो काम गर्नुपर्यो। जनताको भावना बुझ्न र दिन सकेनौँ। यद्यपि, देशको आर्थिक अवस्था पनि त्यति मजबुत छैन। मन्त्रीले भ्रष्टाचार गर्यो भन्ने कुरा सुन्न भएन। नेताहरू नै भ्रष्टाचार गर्न थाले भने जनताले कसैको पनि विश्वास गर्दैन।

***सङ्घीय निजामती सेवा विधेयकमा 'कुलिङ पिरियड'का सन्दर्भमा उठेका प्रश्नलाई कसरी हेर्नुभएको छ ?***

हो, विधेयकमा 'कुलिङ पिरियड'का विषयमा उठेका प्रश्न समावेश गर्ने विषयमा सांसदबाट पनि कमीकमजोरी भएको देखिन्छ। त्यसबारे छानबिन गर्न समिति बनेको छ। त्यसले निष्पक्ष भएर काम गर्नुपर्छ। त्यसमा संलग्न दोषी कसैलाई बचाउने पक्षमा काम गरिनु हुन्न। विधेयककै प्रावधान तलमाथि पार्ने यो निकै गम्भीर विषय हो। 'कुलिङ पिरियड'का विषयलाई लिएर मुख्यसचिवसहितको उच्च तहका निजामती कर्मचारीले लबी गरिरहेको थियो। 'कुलिङ पिरियड' विश्वका अरू देशमा पनि छ। नेपालमा हुनु नपर्ने कुनै कारण छैन।

***देशलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन के गर्न सकिन्छ ?***

जलविद्युत्को माध्यमबाट देशलाई आर्थिक रूपमा सम्पन्न बनाउन सकिन्छ। यो क्षेत्रमा काम पनि भएको छ। तर, जति हुनुपर्ने हो, त्यति भएको छैन। हामीले गर्न सक्नेभन्दा कम भएको छ। हामीले अहिले सुनिरहेका छौँ, अर्बौं रूपैयाँको चामल आयात भएको छ। हामीले कृषि क्षेत्रमा लगानी गर्न सकेका छैनौँ। उत्पादन गर्न सक्ने तरकारी पनि आयात गरिरहेका छौँ। सरकारले कृषिमा लगानी मात्रै गरेर पनि हुँदैन। बजारको पनि व्यवस्था गरिदिनुपर्छ। नेपालको आर्थिक अवस्थालाई सुधार गर्ने अर्को क्षेत्र भनेको पर्यटन हो। नेपालमा सांस्कृतिक पर्यटन, धार्मिक पर्यटन, आध्यात्मिक पर्यटन र पर्या- पर्यटनको पर्याप्त सम्भावना छ। यी क्षेत्रको विकास र विस्तार आजको आवश्यकता हो।

***देश र जनहितका लागि प्रमुख दल नेपाली कांग्रेस, नेकपा (एमाले) र माओवादी केन्द्र एकताबद्ध किन हुन सकेका छैनन् भन्ने लाग्छ ?***

जनताको अवस्था परिवर्तन गर्न संसद्मा गहन छलफल गरिनुपर्छ। त्यसैका लागि उपयुक्त थलो संसद् नै हो। संसद्मा एक हप्तासम्म कृषि, अर्को हप्ता शिक्षाबारेमा छलफल गर्नुपर्नेमा त्यो हुँदैन। नेपालमा पहिला इन्जिनियरिङ विषय राम्रो अध्ययन हुन्थ्यो। तर, आज नेपालका इन्जिनियरिङ कलेज किन खाली हुँदैछ। विद्यार्थी किन छिमेकी देशमा इन्जिनियरिङ अध्ययन गर्न गइरहेका छन् ? यो गम्भीर प्रश्न छ। किनभने यहाँ समयमा पढाइ र परीक्षाफल प्रकाशित हुँदैन। हामीले जनतालाई राम्रो शिक्षा र स्वास्थ्य सेवा दिनुपर्छ। सरकारले तल्लो तहको जनताका लागि काम गर्नुपर्छ। त्यसअघि सदनमा पर्याप्त छलफल हुनुपर्छ। सूचना प्रविधिको कुरा गरिरहँदा गुणस्तरीय सेवा गाउँ-गाउँमा पुर्याउनुपर्छ। हामी सक्दैनौँ होइन, सक्छौँ भन्ने विश्वास जनतालाई दिलाउन आवश्यक छ, छोटो समयमै त्यो म सम्भव देख्छु।

***सुशासन कायम गर्न सरकारलाई तपाईंको सुझाव के छ?***

सरकार हाँक्ने जिम्मेवारीमा रहेकाले सुशासन कायम गर्छु भनेर बोल्ने होइन, काम गरेर देखाउने विषय हो। कार्यकारी पदको नेतृत्वमा रहेको व्यक्ति र कर्मचारीको मुख्य व्यक्तिले सुशासन दिलाउन सक्नुपर्यो। सुशासन नभएर दण्डहीनता बढेको हो। भ्रष्टाचार बढेको सुशासन नभएर हो। राज्यका निकायमा पारदर्शिताको अवस्था कमजोर छ। प्रदेशका एक कर्मचारीले दश करोड एउटा वडामा बजेट लगेको भन्ने समाचारले सुशासन कायम हुन्छ ? सुशासनको निम्ति पहल माथिबाटै सुरू हुनुपर्छ।

***अन्त्यमा, तपाईंको केही सन्देश छ ?***

हामी संसदीय व्यवस्थामा छौँ। संसदीय व्यवस्थामा संसदीय दलको नेता नै मुख्य हुन्छ। तर, हामीले जनतालाई गुस्तरीय सेवा दिन सकेका छैनौँ। पारदर्शी पनि हुन सकेका छैनौँ। नेपालमा केही हुँदैन भन्ने एउटा समूह छ। कुरा त्यसो पनि होइन, देशभित्रै सम्भावना छ। धेरै गर्न सकिन्छ। देश बनाउन हामी राजनीतिज्ञ नै पहिला इमान्दार हुनुपर्छ।रासस

# मधेशका दुई सय प्रहरीको बास सुर्ती गोदाममा

दैनिक समाचारदाता

जनकपुरधाम, ३० असार । मधेश प्रदेशमा अहिले अत्यधिक गर्मी छ । पंखा र कुलर चलाउँदा पनि गर्मीको असह्य झोंकले सर्वसाधारण हैरान छन् । यस्तै तापदायक अवस्थामा मधेश सरकारको सुरक्षामा खटिएका प्रदेश प्रहरी गणका जवानहरू भने पंखा र कुलरबिनै, पूर्व चुरोट कारखानाको पुरानो सुर्ती गोदाममा बस्न बाध्य छन् ।

मधेश भवनको पूर्वद्वारतर्फ रहेको उक्त जीर्ण गोदाममा १२ असारदेखि करिब २०० जना प्रहरी बसोबास गर्दै आएका छन् । यो भवन पहिले सुर्ती सुकाउने र भण्डारण गर्ने प्रयोजनका लागि प्रयोग हुँदै आएको थियो । अहिले त्यही भवनलाई केही अल्मुनियम पाटेसन गरेर अस्थायी प्रहरी आवास बनाइएको छ ।

यद्यपि यो भवनमा पंखा वा अन्य शीतल उपकरणको व्यवस्था छैन । केही जवानहरूले आफ्नै





खर्चमा पंखा किनेर जडान गरेका छन्, तर तापक्रमको तीव्रताले पंखा पनि बेअसर भइरहेको गुनासो छ । एक प्रहरी जवान भन्छन्, "चर्को गर्मीमा पंखा चलाउँदा पनि पसिना सुक्दैन, निद्रै लाग्दैन । यस्तो अवस्थामा हामीलाई निर्दयी रूपमा थुनेजस्तै गरी राखिएको छ ।"

यसैगरी, एसपीदेखि इन्स्पेक्टर तहका प्रहरी अधिकृतहरू भने डेरा लिएर वा अन्यत्र व्यवस्थापन गरेर बसेका छन् । तर तल्लो दर्जाका प्रहरी भने त्यहीँ बस्न बाध्य छन् । एक हवल्दारले भने, "अधिकृतहरू रुखको छहारीमा बस्न सक्छन्, तर हामी तल्लो दर्जाका प्रहरीभित्रै थुनिएको जस्तै बस्नुपर्छ । बोल्न पनि डर लाग्छ ।"

प्रहरीका अनुसार उक्त भवनको छत र भित्तामा विगतमा सुर्ती भण्डारणको क्रममा प्रयोग गरिएका रसायन तथा अलकत्राको असर अझै बाँकी छ, जसले स्वास्थ्यमा पनि असर पार्न सक्छ । छतको केही भाग केही दिनअघि सफा गरिएको भए पनि वातावरण अझै असहज छ ।

प्रहरीको गुनासो अनुसार, यो अवस्थालाई समयमै नहेरेमा मानसिक तनाव र स्वास्थ्य समस्यासमेत निम्तन सक्ने खतरा छ । एक जवान भन्छन्, "हामी पनि मानव हौं । पंखा, पानी, सुत्ने सुविधा हाम्रो पनि अधिकार हो । तर सरकार र अफिसरहरूको नजरमा हामी गाईभैंसीजस्तै थन्क्याइएको महसुस भइरहेको छ ।"

केही दिनअघि मुख्यमन्त्री सतीशकुमार सिंहले भवनको निरीक्षण गरेका थिए । त्यही बेला प्रहरीहरूले गर्मीको समस्या राखेका थिए । तर हालसम्म कुनै समाधान गरिएको छैन ।

गणका प्रमुख प्रहरी उपरीक्षक नारायण रञ्जितकारले समस्या रहेको स्वीकार गर्दै तत्काल पंखा तथा कुलरको व्यवस्था गर्न गृह मन्त्रालय तथा प्रहरी संगठनसँग अनुरोध गरिएको बताए । "हामीले मुख्यमन्त्री, सञ्चारमन्त्री र संगठनको माथिल्लो तहमा कुरा राखेका छौं । आशा छ, छिट्टै समाधान हुन्छ," उनले भने ।

तर गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव विमलप्रसाद बरालले भने तत्कालका लागि बजेट नहुँदा समस्या समाधान गर्न नसकिएको बताए । "पंखाको विषयमा गुनासो आएको छ, तर यो बजेट निर्माणको बेलामा उठाइएन । अहिले त्यसको लागि छुट्टै बजेट छैन," उनले स्पष्ट पारे ।यस घटनाले मधेश सरकारको सुरक्षामा खटिएका प्रहरीहरूको जीवनस्तरप्रति सरकार र संगठनको उदासीनता झल्काएको छ । यस्ता सुरक्षाकर्मीहरूलाई गरिमा र स्वास्थ्यको न्यूनतम सुविधा दिनेतर्फ राज्यले तत्काल ध्यान दिन आवश्यक छ ।

# लम्पी स्किन रोगले मधेसका किसान त्रस्त, खोप अभियान तीव्र



दैनिक समाचारदाता

जनकपुरधाम, ३० असार । पहाडमा मात्र देखिँदै आएको लम्पी स्किन रोग अहिले मधेस प्रदेशका आठ जिल्लामध्ये पाँच जिल्लामा फैलिँदा किसानहरू त्रस्त भएका छन् । प्रचण्ड गर्मी र खडेरीको मार खेपिरहेका किसानहरू अहिले पशुमा फैलिएको रोगका कारण झन् ठूलो संकटमा परेका छन् ।

पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय जनकपुरधामका अनुसार हालसम्म मधेस प्रदेशमा १ हजार ४१ पशुमा लम्पी स्किन संक्रमण पुष्टि भएको छ भने १५ पशुको मृत्यु भइसकेको छ । सिरहामा सबैभन्दा बढी ३७३, धनुषामा ३३० र सर्लाहीमा २५० पशु संक्रमित भएका छन् । रौतहटमा ७६ र बारामा १२ पशुमा संक्रमण देखिएको छ । सप्तरी, महोत्तरी र पर्सामा हालसम्म संक्रमण देखिएको छैन ।

सबैभन्दा बढी ७ पशुको मृत्यु धनुषामा भएको छ । सर्लाही र रौतहटमा समान ४-४ वटा पशुको मृत्यु भएको निर्देशनालयले जनाएको छ । सर्लाहीको हरिवन र लालबन्दी तथा रौतहटको चन्द्रपुर र गौर नगरपालिकामा मृत्यु भएका हुन् ।

संक्रमण फैलिन नदिन प्रदेशभर खोप अभियान चलाइएको छ । हालसम्म २ लाख ४४ हजारभन्दा बढी पशुलाई खोप लगाइएको छ । निर्देशक जागेश्वर यादवका अनुसार, "संक्रमण रोक्न खोप, जनचेतना र गोठ सरसफाइलाई प्राथमिकता दिइएको छ । सीमापारबाट रोग भित्रिन नदिन चेकपोइन्टमार्फत निगरानी कडा बनाइएको छ ।"

संक्रमित पशुलाई अलग राख्ने, गोठघरमा कीटनाशक छर्ने, र किसानलाई जैविक सुरक्षा अपनाउन प्रेरित गर्ने कार्य भइरहेको छ । औषधि तथा प्राथमिक उपचार सामग्री पनि उपलब्ध गराइएको छ ।

गत वर्ष लम्पी स्किनका कारण मधेसमा २ हजारभन्दा बढी पशु मरेका थिए । यसपालि तुलनात्मक रूपमा संक्रमण कम भए पनि सतर्कता अपनाउन निर्देशनालयले आग्रह गरेको छ ।

# कलाकार अंशाको निधनले कलकतियावाली टिमको छायांकन ठप्प

दैनिक समाचारदाता

जनकपुरधाम, ३० असार । युट्युबमार्फत 'कलकतियावाली' नामले चर्चित भएको लभ यु मिथिला टिम गहिरो संकटमा परेको छ । टिमकी प्रमुख कलाकार अनिशा सदा (अंशा) को असामयिक निधनपछि कमेडी सिरिजको छायांकन पूर्णरूपमा ठप्प भएको छ भने जनकपुरधाम(१९ स्थित रामपुर टोलको स्टुडियो सुनसान बनेको छ ।

करिब ६ वर्षअघि अभिनेता अरुणकुमार यादव (अरुण विजया) ले १५ लाखको प्रारम्भिक लगानीमा सुरु गरेको टिमले स्थानीय खेतबारीमा आधारित आत्मनिर्भर मोडेल बनाएको थियो । मैथिली गीत र सामाजिक व्यंग्यमा आधारित सिरिजले नेपाल र भारतको मिथिला क्षेत्रमा लोकप्रियता कमाउँदै आएको थियो ।

टिमकी सदस्य अंशा बहुप्रतिभाशाली कलाकार थिइन् । उनकी मृत्यु रहस्यमय



ढंगले भएको भन्दै प्रहरी अनुसन्धान जारी छ । हालसम्म पोस्टमार्टम रिपोर्ट सार्वजनिक नभए पनि आत्महत्या भएको बताइएको छ । उनका सहकलाकार अभिनास झा ( कलकतियावाली) का अनुसार, मानसिक आघातका कारण टिम अहिले काम थाल्न नसक्ने अवस्थामा छ ।

अंशा अभिनीत मैथिली फिल्म कलकतियावालीको रिलिज पनि अन्योलमा परेको छ । असार १४ गते रिलिज गर्ने योजना थियो तर असार ९ गतेको घटनाले सबथोक रोकिएको टिमले जनाएको छ । निर्माण टिमले हाल नयाँ स्थानमा स्टुडियो सार्ने तयारी गरिरहेको छ ।

सञ्चालक अरुण विजया भन्छन्, "छेउकै १ बिघा जग्गा लिजमा लिएर फेरि नयाँ सुरुवात गर्ने सोच बनाएका छौं ।" हाल टिमका युट्युब च्यानलहरू १८ दिनदेखि निष्क्रिय छन् । यद्यपि, समय अनुकूल बनेपछि पुनः सिरिज निर्माणमा फर्किने टिमको तयारी रहेको अरुणले बताए । "हामी चाँडै फर्किन्छौं," उनले भने, "तर अहिले मानसिक रूपमै कमजोर अवस्थाबाट गुज्रिरहेका छौं ।"

# पानी र कृषिप्रति सांसद सिंहको चिन्ता

दैनिक समाचारदाता

जनकपुरधाम, ३० असार । प्रतिनिधिसभा सदस्य अमरेश कुमार सिंहले सामाजिक सञ्जालमार्फत तराईका विभिन्न जिल्लामा बढ्दो खानेपानी तथा सिचाइ संकटप्रति गहिरो चिन्ता व्यक्त गरेका छन्।

फेसबुकमार्फत आवाज उठाउँदै सांसद सिंहले अत्यधिक गर्मीका बेला जनकपुरधाम, वीरगञ्ज महानगरलगायत तराईका जिल्लामा खानेपानी र सिचाइको चरम अभाव रहेको उल्लेख गरेका छन्। "अत्यधिक गर्मीमा खानेपानीको अभाव र खेतबाली लगाउने समयमा सिचाइ नहुनु आफैँमा किसानका लागि दोहोरो मार हो," सिंहले लेखेका छन्, "कृषकले समयमै मलखाद नपाउने, उखु किसानले अनुदान नपाउने, उचित क्षतिपूर्ति नपाउने अनि कागजमै नेपाल कृषिप्रधान देश भनेर दाबी गर्नु



विडम्बना हो।"

उनले जलस्रोतको धनी देशमा यस्ता समस्या हुनु व्यवस्थापनको गम्भीर कमजोरी भएको टिप्पणी गरेका छन्। सिंहका अनुसार, प्राकृतिक स्रोतसाधनले भरिपूर्ण मुलुकमा यथोचित व्यवस्थापन हुन नसक्दा किसान र आम नागरिक पीडामा परेका छन्।

सिंहले सरकारलाई आह्वान गर्दै यो संकटको केवल तात्कालिक समाधान होइन, दीर्घकालीन नीति र योजनामार्फत कृषि, सिचाइ तथा जल व्यवस्थापनमा गम्भीर ध्यान दिनुपर्ने आवश्यकता औंल्याएका छन्। "कृषकको अवस्था सुधार नगरी समृद्धि सम्भव छैन," उनले भनेका छन्, "कृषिमा आत्मनिर्भरता र उत्पादन वृद्धिका लागि पानी, मलखाद, बीउबिजन, अनुदान तथा उचित बजार सुनिश्चित गर्न सरकारले प्राथमिकता दिनुपर्छ।"

सांसद सिंहले किसानको अवस्था सुधार गर्न नसके मुलुकको आर्थिक र सामाजिक आधार नै कमजोर हुने उल्लेख गर्दै, आम कृषकको आवाज सुन्न र व्यावहारिक समाधान ल्याउन सरकारलाई सचेत गराएका छन्।

उनको यो भनाइ हाल देशभर बढ्दो गर्मी, जलस्रोतको सुक्खा, सिचाइ संरचनाको अभाव र कृषि संकटको सन्दर्भमा अत्यन्त सान्दर्भिक देखिन्छ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४